नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं
संघीय मामिला शाखा
फोन ४२००३०९, ४२००२८१

पत्र संख्या:- २०७६/०७७
चलानी नं.:- 64

मितिः २०७६/१०/१६

श्री नगरपालिका (सबै),
श्री गाउँपालिका (सबै) ।

विषयः- असल अभ्यास पठाउने सम्बन्धमा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहहरुलाई नीतिगत क्षमता विकास लगायतका विषयहरुमा सहजीकरण तथा सहयोग गर्दै आएको कुरा विदितै छ । यसै सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाले संविधान तथा प्रचलित कानून अनुसार आफ्नो काम, कर्तव्य र अधिकारको अभ्यासका क्रममा गरेका उदाहरणीय कार्यहरुलाई असल अभ्यास मानी त्यस्ता कार्यको निरन्तरताको लागि प्रोत्साहन गर्दै अन्य गाउँपालिका तथा नगरपालिकाका लागि समेत उदाहरणस्वरुप प्रचार प्रसार गर्न आवश्यक देखिएकोले यस मन्त्रालयबाट त्यस्ता असल अभ्यासहरुको सङ्कलन तथा प्रकाशन गर्ने तयारी गरेको छ ।

प्रस्तुत परिप्रेक्ष्यमा सबै गाउँपालिका तथा नगरपालिकाले संविधान तथा प्रचलित कानून अनुसार आफ्नो काम, कर्तव्य र अधिकारको सीमा भित्र रहि गरेका उदाहरणीय कार्यहरुको शिर्षक सहितको विवरण बढीमा ५०० शब्दमा नबढ्ने गरी उक्त कार्य असल अभ्यास हो भनी पुष्टयाई गर्ने विवरण, तथ्य, तथ्याङ्क एवं सम्भव भएसम्म तस्विर समेत संलग्न गरी २०७६ फाल्गुण १५ गते भित्र यस मन्त्रालयमा आईपुग्ने गरी (email: fsmofaga@gmail.com) पठाई दिनुहुन निर्णयानुसार अनुरोध छ ।

(दुर्गा दाहाल)
शाखा अधिकृत

बोधार्थः
**श्री प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रमः** असल अभ्यास सङ्कलन कार्यमा आवश्यक समन्वय गरि दिनुहुन ।
श्री सूचना तथा प्रविधि शाखा: प्रस्तुत पत्र यस मन्त्रालयको website मा Upload गरिदिनुहुन ।